# नेपाल कम्युनिष्ट पार्टी (एमाले)

## जिल्ला कमिटी, पर्सा

पत्र संख्या: मिति:२०७९/०१/२७

चलानी नं.:

# प्रेस विज्ञप्ती

निर्वाचनमा राजनीतिक दलहरु वा स्वतन्त्र उम्मेदवारले मतदातालाई सन्तुष्ट पारेर उनीहरुको मत आफुलाई हाल्न आग्रह गर्ने कुराको ग्यारेन्टी संविधानले गरेको छ । हिजो बैशाख २६ गते सोमवारको दिन एमालेको तर्फबाट वीरगंज महानगरपालिकाको मेयर पदका उम्मेदवार श्री विजयकुमार सरावगी नगरपालिकाकै वडा नम्बर १६ स्थित नगवामा मतदातासाग भेट्न जाँदा विपक्षी उम्मेदवार राजेशमान सिंहका कार्यकर्ताले गुण्डागर्दी शैलीमा प्रदर्शन गरेको व्यवहार प्रति नेकपा एमाले पर्साको गम्भीर ध्यानाकर्षण भएको छ ।

आउँदो बैशाख ३० गते स्थानीय तहको निर्वाचन हुँदैछ । यो निर्वाचनमा राजनीतिक दलहरुले मतदाताको घरमा गएर निर्वाध रुपमा मत माग्न पाउने संवैधानिक अधिकारलाई समेत कुण्ठित हुने हर्कत हुन थालेको, विविध घटनाक्रमले देखाएको छ । यसले, राज्यमा शान्तिपूर्ण रुपमा निर्वाचन गर्न चाहँदैन भन्ने कुरालाई बल पुर्याएको छ ।

उम्मेदवारसँग गएका सहकर्मीलाई घेरा हालेर निर्घात रुपमा कुटपिट गर्नु, हाम्रो पार्टीको उम्मेदवारलाई मतदातासँग कुरा गरिरहेको अवस्थामा समेत अवरोध सृजना गर्नु र घन्टौंसम्म उम्मेदवारलाई नै अराजक व्यक्तिहरुको घेराबन्दीका कारण बाहिर गएर अन्य निर्वाचनका गतिविधि संचालन गर्न समेत अवरोध सृजना गरिनुबाट निष्पक्ष तथा स्वच्छ निर्वाचनको मर्म माथि नै प्रहार भएको छ । यस्तो भयपूर्ण अवस्थामा शान्तिपूर्ण रुपमा मताधिकार कसरी प्रयोग हुन्छ भन्ने कुराको प्रश्न उठको छ ? राज्यको गैरजिम्मेवार र निकम्मापनका कारण सृजित यस्ता निषेधको राजनीति गर्ने पात्रहरुलाई कानूनी दायरामा ल्याई अविलम्ब कारवाही गर्न नेकपा एमाले जोडदार माग गर्दछ । नेकपा एमालेको यो शालिनतापूर्ण आग्रहलाई बेवास्ता गरे त्यसबाट निष्कने सबै परिणामको जिम्मेवारी स्थानीय प्रशासनले लिनु पर्दछ ।

..............................

क.प्रभु हजरा
(इन्चार्ज)
नेकपा एमाले, पर्सा